**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ अक्टुबर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मू आज बाट राजस्थानको दुई दिनको यात्राको निम्ति प्रस्थान गर्नुहुनेछ।

**२.** नौ दिनसम्म मनाइने नवरात्रि पर्व आजदेखि हर्षोल्लासका साथ शुरु भएको छ ।

**३.** केन्द्रीय सड़क परिवहन एवं राजमार्ग मंत्री नितिन गडकरीले आठ मिलियन टन अलग गरिएको फोहोरको उपयोग राष्ट्रीय राजमार्गको निर्माणमा गरिनेछ घोषणा गर्नु भएको छ ।

**४.** भारतीय नौसेनाको वार्षिक शीर्ष-स्तरीय अंतर्राष्ट्रीय सम्मेलन हिन्द-प्रशांत क्षेत्रीय संवाद- आई पी आर डी को आयोजन आज बाट नयाँ दिल्लीमा हुनेछ ।

**५.** नागालैंड पर्यटन विभाग 25ओं हॉर्नबिल महोत्सवको तैयारिमा जुटेको छ ।

**६.** मौसम विभागले आज पश्चिम बंगाल, सिक्किम, तमिलनाडु, पुदुचेरी, केरल अनि कराईकलको अलग-अलग स्थानहरुमा भारी वर्षा हुने संभावना व्यक्त गरेको छ।

**राष्ट्रपति-राजस्थान यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मू आज बाट राजस्थानको दुई दिनको यात्रामा जानु हुने छ। यस अवधि राष्ट्रपतिले उदयपुरमा मोहनलाल सुखाड़िया विश्वविद्यालय को 32ओं दीक्षांत समारोहमा भाग लिनुहुनेछ। राष्ट्रपतिले भोलि माउंट आबूमा प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय द्वारा आयोजित वैश्विक शिखर सम्मेलनमा भाग लिनुहुनेछ। उहाँले राज्य सरकार द्वारा आयोजित आदि गौरव सम्मान समारोहमा पनि भाग लिनुहुनेछ ।

****** ० ******

**नवरात्रि**

नौ दिनसम्म मनाइने नवरात्रि पर्व आजदेखि हर्षोल्लासका साथ शुरु भएको छ । नवरात्रिमा देवी दुर्गाका नौ रूपको पूजा आराधना गरिन्छ । पहिलो दिन शैलपुत्रीका रुपमा दुर्गाको पूजा आराधना गरिन्छ ।

****** ० ******

**गडकरी - राष्ट्रीय राजमार्ग**

केन्द्रीय सड़क परिवहन एवं राजमार्ग मंत्री नितिन गडकरीले घोषणा गर्नुभएको छ आठ मिलियन टन अलग गरिएको फोहोरको उपयोग राष्ट्रीय राजमार्गको निर्माणमा गरिनेछ । महात्मा गांधी जयंतीको अवसरमा हिज नागपुर महानगरपालिका द्वारा आयोजित एक कार्यक्रममा श्री गडकरीले महानगरपालिकाबाट उपचारित सीवेज जलको आपूर्ति ताप विद्युत उत्पादन संयंत्रलाई गरिएको बताउनुभयो । उहाँले पेंच, कोराडी अनि खापर खेडा परियोजनाहरुलाई संचित जल अब किसानहरुको सिंचाईका लागी उपलब्ध गराउने बताउनु भयो।श्री गडकरीले किकचरे बाट जैव-सी. एन. जी. को उत्पादन गर्न सकिने पनि बताउनुभयो। उहाँले महानगरपालिकालाई आफ्नु वाहनहरुका लागी यस ईंधनको प्रयोग गर्नको लागी विचार गर्नु प[अर्ने बताउनु भयो ।

****** ० ******

**जम्मू-कश्मीर-गांधी जयंती**

जम्मू–कश्मीरका उपराज्यपाल मनोज सिन्हाले महात्मा गान्धीको १५५ औं जन्मजयन्तीको अवसरमा श्रीनगरस्थित राजभवनमा आयोजित एक समारोहलाई सम्बोधन गर्नु भयो । विद्यालय शिक्षा तथा उच्च शिक्षा विभागले आयोजना गरेको उक्त कार्यक्रममा स्वच्छता पखवाडा र स्वच्छता ही सेवा अभियानको समापन गरिएको थियो ।

सिन्हाले गान्धी जयन्ती तथा पूर्वप्रधानमन्त्री लालबहादुर शास्त्रीको जन्मजयन्तीका अवसरमा शुभकामना व्यक्त गर्नु भयो। महात्मा गान्धीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनले बापूको नेतृत्व, आदर्श र मूल्यमान्यताको अमिट प्रभावको उल्लेख गर्नु भयो। गान्धीका यी आदर्शहरूले नै मानिसहरूलाई स्वतन्त्रता सङ्ग्राम र राष्ट्र निर्माणमा एकताबद्ध गरेका थिए, जसले विश्व शान्ति र प्रगतिमा गहिरो प्रभाव पारेको थियो। श्री सिन्हाले महात्मा गान्धीको सत्य, अहिंसा, करुणा र करुणाको सिद्धान्तले आजको समस्याग्रस्त विश्वका चुनौतीहरूको सामना गर्न समाधान प्रदान गर्दछ भन्नुभयो।

****** ० ******

**नेपाल-गांधी जयंती**

नेपालको काठमांडूमा भारतीय दूतावासले हिज 155ओं गांधी जयंती भव्य रुपमा पालन गरेको छ। भारतका राजदूत नवीन श्रीवास्तव अनि अन्य सबै भारतीय अधिकारिहरुले राष्ट्रपितालाई पुष्पांजलि अर्पित गरे। यस अवसरमा सुर सुधा बैंड का सुश्री सरस्वती खत्री ले राष्ट्रपितालाई समर्पित भजन एवं संगीत रचनाहरु प्रस्तुत गर्नुभयो। नेपाल चरखा प्रचारक गांधी-तुलसी स्मारक महागुथीको प्रतिनिधिहरु अनि भारतीय समुदायका मानिसहरुले पनि समारोहमा भाग लिएका थिए। यस अवसरमा राजदूतले दूतावासको स्वच्छता कर्मिहरुलाई सम्मानित गर्नुभयो।

****** ० ******

**नौसेना सम्मेलन**

भारतीय नौसेनाको वार्षिक शीर्ष-स्तरीय अंतर्राष्ट्रीय सम्मेलन हिन्द-प्रशांत क्षेत्रीय संवाद- आई पी आर डी को आयोजन आज बाट नयाँ दिल्लीमा हुनेछ। तीन दिन सम्म चल्ने यस सम्मेलनको विषय - **हिन्द-प्रशांत में संसाधन-भू-राजनीति तथा सुरक्षा हो**। रक्षामंत्री राजनाथ सिंहले सम्मेलनलाई भोलि संबोधित गर्नुहुनेछ।

भारतीय नौसेना अनुसार आई पी आर डी रणनीतिक स्तरमा भारतीय नौसेनाको अंतर्राष्ट्रीय संपर्कको मुख्य प्रदर्शन हो। यस सम्मेलनमा हिन्द-प्रशांतका समग्र समुद्री सुरक्षा मुद्दा हरुलाई संबोधित गरिने छ। यस वर्षको सम्मेलनमा परंपरागत अनि नयाँ चिन्हित समुद्री संसाधनको वर्तमानमा भू-राजनीतिमाथी पर्ने प्रभाव अनि भविष्यमा यसले लिने आकार माथी ध्यान केन्द्रित गरिने छ।

****** ० ******

**बिहार-जन सुराज**

राजनीतिक रणनीतिकार बाट राजनेता बनेका प्रशांत किशोरले हिज पटनामा आयोजित एक सभामा आफ्नु संगठन **जन सुराज** लाई राजनीतिक स्वरूप दिनुहुदै यस्लाई जन सुराज पार्टी बनाउने घोषणा गर्नुभयो। पूर्व राजनयिक मनोज भारतीलाई पार्टीका कार्यकारी अध्यक्ष नियुक्त गरियो।

श्री किशोरले घोषणा गर्नुभयो जन सुराज पार्टीले 2025 को बिहार विधानसभा चुनावमा स्वाबाई 243 सीटहरुमा आफ्नु उम्मीदवारहरु उतार्नेछन्। उहाँले चार विधानसभा सीटका लागी आगामी उपचुनावमा पनि उम्मीदवार उतार्ने बताउनु भयो।

****** ० ******

**बिहार बाढ़**

बिहारका केही नयाँ क्षेत्रहरू फेरी बाढीबाट प्रभावित भएका छन्, १७ जिल्लामा बाढी पीडितहरूको संख्या लगभग १५ लाख पुगेको छ। कोसी, गण्डक, महानन्दा, कमला बलान, वाग्मती नदीमा पानीको बहाव बढ्दा प्रदेशका अन्य भूभाग र तल्लोभाग मा बाढी आएको हो। सीतामढ़ी, दरभंगा, पश्चिम चम्पारण, मधुबनी, सुपौल अनि सहरसा सबैभन्दा बडी प्रभावित जिल्लाहरु हुन्। पूर्णिया, अररिया, मधेपुरा र किशनगञ्ज जिल्लाका धेरै गाउँहरूमा पनि बाढीको पानी पसेको छ।

****** ० ******

**नागालैंड-हॉर्नबिल तैयारी**

नागालैंड पर्यटन विभाग 25ओं हॉर्नबिल महोत्सवको तैयारिमा जुटेको छ। यस सिलसिलामा विभागले विभिन्न आदिवासी निकायहरुको प्रतिनिधिहरु सँग समन्वय बैठक गरे। बैठकमा चाखेसांग, रेंगमा, फोम, एओ, अंगामी, कचारी, कुकी, लोथा, सुमी,

खियामनियुंगन, संगतम, चांग, ज़ेलियांग, पोचुरी, तिखिर, पूर्वी सुमी, कोन्याक अनि यिमखिउंग जनजातिका  प्रतिनिधिहरुले भाग लिएक थिए ।पर्यटन आयुक्त अनि सचिव डॉ. जी. हुकुघा सेमाले हॉर्नबिल महोत्सवको रजत जयंतीलाई रेखांकित गर्नुहुदै मानिसहरुलाई यसलाई स्मरणीय बनाउने आग्रह गर्नु भयो। डॉ. सेमाले महोत्सवलाई प्लास्टिक-मुक्त राख्ने आह्वान गर्नुभयो अनि पर्यावरण-अनुकूल उत्पादहरुको उपयोग गर्ने आग्रह गर्नुभयो। उहाँले आदिवासी समाजलाई पारंपरिक कलाकृति प्रदर्शित गर्ने अनि स्वदेशी भोजन अनि पेय पदार्थ परोसकर मोरंगको प्रामाणिकता  यथावत रखने आग्रह गर्नुभयो। हॉर्नबिल महोत्सव सामान्य रुपमा हरेक वर्ष 1 देखि 10 दिसम्बरको  बीच कोहिमामा आयोजित गरिन्छ।

****** ० ******

**भारतीय उच्चायुक्त-श्रीलंका**

श्रीलङ्काका लागि भारतीय उच्चायुक्त सन्तोष झाले श्रीलङ्काका राष्ट्रपति अनुराकुमार दिसानायकेलाई भेटेर राष्ट्रपति चुनावमा विजयी भएकोमा बधाई दिनु भएको छ ।लामो समयदेखिको मित्रता र निकटताको चर्चा गर्दै दुई देशबीचको सम्बन्ध लाई मजबुत बनाउनु पर्नेमा उहाले  जोड दिनुभएको छ। उहाले श्रीलङ्काको विकासमा सहयोग गर्न भारत इच्छुक रहेको बताउनु  भयो। भारतीय उच्चायुक्तले श्रीलङ्का शान्तिपूर्ण र स्थिर राष्ट्रका रूपमा उदय होस् भन्ने कामना गर्नुभयो ।भारतीय उच्चायुक्तले श्रीलङ्काका राष्ट्रपतिको भ्रष्टाचार विरोधी पहलको प्रशंसा गर्दै भ्रष्टाचारविरुद्ध लड्न सरकारी प्रणालीमा डिजिटल प्रणाली अपनाउने प्रतिबद्धता व्यक्त गर्नु भयो। उहाले श्रीलङ्काको डिजिटाइजेसन प्रणालीअपनाउन भारतीय विशेषज्ञसहयोगको प्रस्ताव पनि गरेका छन्।

****** ० ******

**मौसम**

मौसम विभागले आज पश्चिम बंगाल, सिक्किम, तमिलनाडु, पुद्दुचेरी, केरल अनि कराईकलको अलग-अलग स्थानहरुमा भारी वर्षा हुने संभावना व्यक्त गरेको छ। यस साता झारखंड, ओडिशा, बिहार, पश्चिम बंगाल, अंडमान अनि निकोबार द्वीप समूह, सिक्किम आंध्र प्रदेश, तेलंगाना, यानम विदर्भ, छत्तीसगढ़, उत्तरी आंतरिक अनि तटीय कर्नाटकमा हल्का देखि मध्यम वर्षा हुने सम्भावना व्यक्त गरेको छ।

****** ० ******

**खादी-मज़दूरी**

केन्द्रीय सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालयले कपास खेती गर्नेहरूको ज्यालामा २५ प्रतिशत र हथकरघा बुनकरहरूको ज्यालामा ७ प्रतिशतले वृद्धि भएको जनाएको छ। यसको घोषणा गत महिनाको १७ तारिखमा गरिएको थियो। खादी तथा ग्रामोद्योग आयोगका अध्यक्ष मनोज कुमारका अनुसार धागो काट्ने कामदारले अब प्रतिलचा १० रुपैयाँको बदलीमा १२ रुपैयाँ ५० पैसा पाउनेछन् ।श्री कुमारले खादी क्रान्तिको माध्यमबाट स्पिनर र बुनकरहरूको जीवनमा परिवर्तन ल्याउनको लागि प्रधान मन्त्री मोदीको नेतृत्वलाई श्रेय दिनुभयो। उहाले  प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यकालमा पछिल्लो एक दशकमा ज्यालामा करिब २१३ प्रतिशतले वृद्धि भएको बताउनु भयो।  खादीको माध्यमबाट ग्रामीण भारतको आर्थिक सशक्तीकरणको हुनेछ। गत आर्थिक वर्षमा खादी क्षेत्रको कारोबार एक लाख  ५५ हजार करोड भारुभन्दा बढी पुगेको उनले बताउनु भयो। उनले खादी उत्पादनमा  २० प्रतिशत र ग्रामिण उद्योगका उत्पादनमा १० प्रतिशत छुट दिने घोषणा गर्नु भएको छ

****** ० ******